मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन.नं.०४८-५४०११२
०४८-५४०५३२

# भू-उपयोग क्षेत्र वर्गीकरण तथा कित्तागत विवरण सच्याउने सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशन मितिः - २०८२ पौष १३ गते आइतबार, ने.स.११४६)**

भू-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली, २०७९ एवम् मन्थली नगर कार्यपालिकाबाट पारित भएको भू-उपयोगको वर्गीकरणको मापदण्ड बमोजिम यस नगरपालिका क्षेत्रको सम्पूर्ण जग्गाको हालको भू-उपयोग अनुसारको क्षेत्रगत वर्गीकरण भएको नक्सा र प्रत्येक वर्गमा पर्ने सम्पूर्ण कित्ता जग्गाहरुको विवरण र सो अनुसार Cadastral Inventory/Land Cadastral तयार भइ कार्यपालिकाबाट स्वीकृत गरी २०८२ साउन १ गतेबाट लागु भएको व्यहोरा विदितै छ । यस सम्बन्धी विवरण नगरपालिकाको website: manthalimun.gov.np मा हेर्न वा सम्बन्धित वडा कार्यालयमा समेत हेर्न सकिन्छ ।

आफ्नो स्वामित्व वा हकभोगमा रहेको कुनै जग्गाको वर्तमान अवस्थामा उपयोग भइरहेको भन्दा फरक किसिमले क्षेत्र वर्गीकरण र कित्तागत विवरण भएको वा कुनै कित्ता छुटेको वा सो बाहेक अन्य किसिमको त्रुटी हुन गएको वा के हुनु पर्नेमा केमा फरक पर्न गएको हो सोको उचित कारण भएमा त्यसको प्रमाण सहित मन्थली नगरपालिका वासी सम्बन्धित जग्गाधनीले वा सम्बन्धित हकदारहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि र चालु आ.व. सम्मको तिरो तिरेको रसिदको प्रतिलिपि समेत संलग्न राखी आ-आफ्नो वडा कार्यालयमा वा नगर कार्यपालिकाको कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निवेदन पेश गर्न सरोकारवाला सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

एक वर्ष भित्र त्रुटी सच्चिन नसक्दा थप प्रक्रिया र झन्झट वढ्ने कानुनी प्रवधान रहेकोले प्रस्तुत सूचना प्राप्त गर्ने नगरपालिका अन्तर्गतका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, पत्रकार वर्ग, शिक्षक एवम् राष्ट्रसेवक कर्मचारीहरुले बिषेश महत्व दिइ कार्यक्षेत्र अन्तर्गतको गाउँ, टोल, बस्तीहरुका सर्वसाधारण नगरवासीहरुमा प्रचार प्रसार गरि विवरण सच्याउन सहयोग गरी दिनु हुन अनुरोध छ ।